आज मिति २०७७ साल वैशाख १२ गतेका दिन बेलबारी नगरपालिकामा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को (ठ) ४ मा भएको व्यवस्था अनुसार स्थानीय तहबिचको साझा सरोकार तथा साझेदारीका विषयमा अन्तर स्थानीय तह संयुक्त समन्वय समिति बैठक बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको संयोजकत्वमा तपशिल बमोजिमका स्थानीय तहका नगर प्रमुख, उपप्रमुख अध्यक्ष, उपाध्यक्ष लगायतको उपस्थितिमा बैठक बस्यो ।

**तपशिल**

| | |
|---|---|
| संयोजक : नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदी | बेलबारी नगरपालिका |
| सदस्य : नगर प्रमुख श्री शिव प्रसाद ढकाल | सुन्दरहरैचा नगरपालिका |
| सदस्य : अध्यक्ष श्री तारा बहादुर काफ्ले | कानेपोखरी गाँउपालिका |
| सदस्य :अध्यक्ष श्री रोहित कार्की | केराबारी गाँउपालिका |
| सदस्य : अध्यक्ष श्री शिव नारायण माझी | ग्रामथान गाँउपालिका |
| उपप्रमुख श्री ढाका कुमारी पराजुली | बेलबारी नगरपालिका |
| उपप्रमुख श्री धनमाया तामाङ | सुन्दरहरैचा नगरपालिका |
| उपाध्यक्ष श्री राजमती इङ्नाम | कानेपोखरी गाँउपालिका |
| उपाध्यक्ष श्री शान्ती कुमारी लिम्बु भुजेल | केराबारी गाँउपालिका |
| उपाध्यक्ष श्री फुलकुमारी चौधरी | ग्रामथान गाँउपालिका |
| प्रमुख प्रशासकिय अधिकृत श्री प्रदिप शाह | बेलबारी नगरपालिका |
| प्रमुख प्रशासकिय अधिकृत श्री दामोदर चापागाई | सुन्दरहरैचा नगरपालिका |
| प्रमुख प्रशासकिय अधिकृत श्री पुण्य प्रसाद पौडेल | केराबारी गाँउपालिका |
| लेखा अधिकृत श्री धनमाया राई | बेलबारी नगरपालिका |
| स.कम्प्युटर अपरेटर श्री दिनेश खड्का | बेलबारी नगरपालिका |
| अधिकृत छैटौं श्री गोविन्द प्र. फुयल | कानेपोखरी गाउँपालिका |

प्रस्तावहरु

१. खोला उत्खनन् सम्बन्धमा ।

२. योजना कार्यक्रम सम्बन्धमा ।

निर्णय नं. १

प्रस्ताव नं. १ माथी छलफल गर्दा आ.व. २०७६।७७ मा अन्तरपालिका साझा खोलाजन्य पदार्थ उत्खन्न तथा विक्री ठेक्का बन्दवस्त गरि ठेक्का संचालन रहेको अवस्थामा विश्वव्यापी महामारीबाट देशमा बन्दावन्दी जारी रहेको अवस्थामा ठेक्का बन्द भएको भनि सम्बन्धीत फर्मबाट (ठेकदार) खोला उत्खनन् कार्यमा समन्वय, सहजीकरण गरिदिनुहुन भनि निवेदन प्राप्त भएको साथै जेठ मसान्तसम्म मात्र खोला ठेक्का बन्दबस्त हुने समय रहेको अवस्थालाई मध्यनजर गरी उत्खननको आवश्यक वातावरणका लागि १ नं. प्रदेश सरकार समक्ष समन्वय र सहजिकरणका लागि अनुरोध गर्ने ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथी छलफल गर्दा आ.व. २०७६।०७७ को बार्षिक योजना र कार्यक्रम बन्दाबन्दीको सर्त पूर्ण पालना गरि कार्यान्वयन गर्न आवश्यक वातावरणका लागि १ नं. प्रदेश सरकार समक्ष समन्वय र सहजिकरणका लागि अनुरोध गर्ने ।